# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१२।२६ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

यातायात व्यवस्था कार्यालय, बिर्तामोड, झापाबाट सवारी चालक अनुमतिपत्र (३ चक्के अटो रिक्सा) को लागि लिइने लिखित परीक्षा उत्तीर्ण गरी प्रयोगात्मक परीक्षा उत्तीर्ण हुनको लागि प्रयोगात्मक परीक्षा स्थलमा खटिने कर्मचारीलाई घुस/रिसवत दिनु पर्छ भन्दै बिचौलिया सराफ शेखले सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निज बिचौलिया सराफ शेखलाई सेवाग्राहीसँग रु.१७,०००।- (सत्र हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा निजलाई बिर्तामोड नगरपालिका वडा नं. १ स्थित परिचय मार्गबाट मिति २०७५/१२/२५ गते नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता